


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

जाति, धर्म वर्ण लिङ्गका आधारमा विवाद नगरौं, एकअर्का मिलेर अघि बढौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख १२ गते आइतबार ❑ 25 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## धरहरा निर्माणले मानिसमा खुशीको अनुभव : प्रधानमन्त्री ओली

**रासस**
**काठमाडौं, ११ बैशाख**

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालीको भावना र गौरव, अतीत र इतिहास जोडिएको धरहरा निर्माण सम्पन्न हुँदा खुशी अनुभव भएको बताएका छन् ।

छ वर्षअघिको भूकम्पले भत्किएको धरहरा नजिकै बाहिरी आवरण उस्तै देखिने धरहरा निर्माणपछि शनिबार आयोजित उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले इतिहाससँग जोडिएको ऐतिहासिकस्थल पुनःनिर्माण हुनु देशकै लागि गौरवको विषय भएको बताए ।

"इतिहास झल्कने, आधुनिकता टल्कने गरी धरहरा पुनःनिर्माण भएको छ, सुन्दर, आकर्षक र मजबुत धरहरा चढ्दा आइफल टावर चढेजस्तै अनुभव भयो, आइफल टावरमा जस्तै हावा धरहराको २०औँ तलामा आएको छ, यो काठमाडौँ र नेपालको परिचयका रुपमा विश्वमा चिनिने छ, मैले २०७२ फागुन ४ गते म बनाउँछु, मेरो धरहरा अभियान चलाएको थिएँ, त्यसअनुरुप यो निर्माण हुन नसके पनि बन्दा सबैलाई खुशी लागेको छ", प्रधानमन्त्री ओलीले भने । म बनाउँछु, मेरो धरहरा




अभियानअन्तर्गत रु २४ करोड जम्मा भएको पनि उनले कार्यक्रममा सुनाए । धरहरा ढल्दा हामीलाई आफैँ ढले जस्तो र ठडिँदा हामी बौरिएर उठेजस्तो अनुभव भएको धेरैले सुनाउने गरेको प्रधानमन्त्री ओलीले बताए । आधुनिक सामग्री प्रयोग गरेर नभत्किने खालको धरहरा निर्माण भएको जानकारी कार्यक्रममा गराइएको थियो । विसं २०७२ वैशाख १२ गते धरहरा ढलेर निधन भएका ६० जनाको परिवारका एक/एक जना सदस्यलाई धरहरा परिसरमा निर्मित संरचनाका लागि आवश्यक जनशक्तिका रुपमा रोजगारी दिने घोषणा पनि प्रधानमन्त्री ओलीले गरेका छन् । धरहरा क्षेत्रमा मिल्ने रोजगारी नभएमा अन्यत्र पनि मृतकका परिवारलाई प्राथमिकताका साथ रोजगारी दिने उहाँको प्रतिबद्धता छ । "विसं २०७८ मा राजधानीका सडकलाई सहयोगापेक्षी, बालबालिका र भिखारीमुक्त हुने गरी स्थापित गर्न लागिएको छ, अब कोही अलपत्र हुन्न, सरकारले अभिभावकत्व लिन्छ", प्रधानमन्त्री ओलीले भने । खनिज एवं प्राकृतिक सम्पदालेयुक्त नेपाललाई सम्पन्न र दाता राष्ट्रका रुपमा अघि बढाउने योजनामा सरकार लागेको उहाँको भनाइ थियो । मोबाइल, कम्प्युटर, टेलिभिजनजस्ता जनतालाई आवश्यक सामग्री देशमै उत्पादन गर्ने गरी उत्पादक देशका रुपमा स्थापित गर्न लागिएको प्रधानमन्त्री ओलीले बताए । आयोजक राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले सुन्धाराको ४२ रोपनी क्षेत्रफलमा भूकम्प एवं चारतल्ले मुद्रा सङ्ग्रहालय, २४सै घण्टा पानी खस्ने सुन्धारा, घुम्न आउने आगन्तुकका पार्किङस्थललगायत संरचना पनि निर्माण भइरहेको बताए ।

काठमाडौँ महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले धरहराको बार्दलीबाट काठमाडौँ उपत्यका स्वच्छ र सफा देखिएको बताए । रानीपोखरीको दोस्रो बिस्तारको चरणमा पनि काम शुरु गर्न लागिएको जानकारी उनले गराए । काष्ठमण्डपको पुनःनिर्माणसमेत सम्पन्न हुन लागेको महानगर प्रमुख शाक्यले सुनाए । प्राधिकरणका सचिव मणिराम गेलालले सुन्धारा क्षेत्रमा धरहरा, भूकम्प एवं मुद्रा सङ्ग्रहालय, आकाशेपुल, पार्किङ, बगैँचालगायत संरचना निर्माणका लागि पाँच अर्ब ७६ करोड लागत अनुमान गरिएकामा रु तीन अर्ब ४८ करोडको लागतमा ठेक्का भई काम भइरहेको जानकारी गराए । विसं २०७५ पुस १२ गते शिलान्यास भएको धरहरालगायत संरचना जिआइटिसी/रमण जेभी कन्स्ट्रक्सनले निर्माणको काम गरिरहेको जानकारी सो अवसरमा गराइएको थियो ।

## कास्की क्षेत्र नम्बर ३ (क) को निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत पहिलो चरणमा १५ योजना अवलोकन

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ बैशाख**

गण्डकी प्रदेश अन्तर्गत कास्की क्षेत्र नम्बर ३ (क) मा यस बर्ष निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रममा छनौट भएका २५ वटा योजना मध्य शनिबार एकै दीनमा १५ वटा योजनाको अवलोकन गरिएको छ ।

निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत छनौट भएका योजनाहरु मध्य अधिकांश योजनाहरु सकिएकोले शनिबार पोखराका ९ र कास्कीको माछापुच्छ्रे गाउँपालिकाका ६ गरी १५ वटा योजनाको अनुगमन गरिएको प्रदेश सांसद रामजी प्रसाद बराल (जीवन) ले बताए । उक्त योजना सम्पन्न नभई रकम भुक्तानी गर्ने सिस्टम नहुदा उपभोक्ता समितिहरुलाई निकै मार पर्ने भएकोले आगामी बर्ष निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रममा सम्झौता भए पश्चात केही रकम दिने त्यस पछि कामको आधारमा भुक्तानी दिने सिस्टम लागु गर्नु पर्ने सांसद



बरालको माग रहेको छ । आफुहरुले सोचे अनुरुपको स्थानियले उक्त रकम उच्चतम रुपमा प्रयोग गरेको सांसद बरालले जनाए । कान्वयनको प्रकृया सन्तोसजनक ढंगले काम भएको उनले बताए । प्रदेश सांसद डा.पुष्पा के.सी.भण्डारीको संयोजकत्वमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सम्पन्न भएका योजनाको अनुगमन भएको हो । सांसद डा. भण्डारीले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमले जनतासंग जनप्रतिनिधिहरुको सम्बन्ध जोड्ने काम मात्र नभई जनाताको साना साना आवश्यकताहरु समेत पुरा भएको दाबी गरिन् । जिल्ला समन्वय समिति कास्कीका प्रमुख बयन बहादुर क्षेत्रि अधिकारीले अवलोकनको क्रममा अधिकांश योजनाहरु राम्रो ढंगले भएको तर केही ठाँउमा प्राविधिक समस्या रहेको बताए । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका योजनाहरु कान्वयन गर्ने जिम्मा स्थानिय

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मुख्यमन्त्री गुरुङद्वारा लोकतन्त्र दिवसको शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ बैशाख**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले संविधानको मर्म र भावनाअनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई थप सुदृढ गराउँदै समृद्ध नेपाल, सखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सक्दा नै लोकतन्त्र दिवसको अर्थपूर्ण स्मरण हुने विश्वास व्यक्त गरेका छन् ।

लोकतन्त्र दिवस २०७८ को अवसरमा शनिबार जारी प्रेस विज्ञप्तिमार्फत शुभकामना सन्देश प्रदान गर्दै उनले २०६२/६३ को ऐतिहासिक जनआन्दोलनले सफलता प्राप्त गरेको दिनलाई लोकतन्त्र दिवसका रूपमा स्मरण गर्दै आएको बताएका छन् । उनले शुभकामना सन्देशमा राष्ट्रिय स्वाधिनता तथा लोकतन्त्र प्राप्तिका निम्ति सञ्चालित विभिन्न शान्तिपूर्ण जनआन्दोलन, सशस्त्र सङ्घर्षलगायत न्याय, समानता एवं स्वतन्त्रको निमित्त भएका आन्दोलनमा योगदान पुऱ्याउनु हुने शहीदप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै बेपत्ता तथा घाइते योद्धाप्रति सम्मान व्यक्त गरेका हुन् । जनआन्दोलनले २००७ यताका सम्पूर्ण सङ्घर्षबाट प्राप्त उपलब्धिको जगमा उभिएर निरङ्कुश राजतन्त्रको अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न निर्णायक भूमिका खेलेको मुख्यमन्त्री गुरुङले जारी विज्ञप्तिमा उल्लेख गरेका छन् ।

सबै राजनीतिक दल, नागरिक समाजलगायत सम्पूर्ण नेपाली एकजुट भएर लाग्न आजको दिनले हामी सबैलाई प्रेरित गर्न सक्नेछ भन्ने विश्वास व्यक्त गर्दै उनले अबको लडाइँ आर्थिक समृद्धिको भएको बताएका छन् । विश्व मानवजातिकै अस्तित्वका लागि चुनौती बनेको कोभिड-१९ को दोस्रो लहरको सङ्क्रमण बढिरहेको सन्दर्भमा सम्पूर्ण सरोकारवाला निकाय यसको रोकथाम, नियन्त्रण र उपचारमा पूर्ण क्षमताका साथ लाग्नु हुन साथै सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा हेलचक्र्याइँ नगरी स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्णरूपमा पालना गरी सतर्कता अपनाउनु हुनसमेत उनले जारी विज्ञप्तिमार्फत अपिल गरेका छन् ।

## माझठाना पोखरा सम्पर्क समाजद्वारा सात सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ बैशाख**

माझठाना पोखरा सम्पर्क समाजको पाँचौं साधारणसभा एवं तेस्रो अधिवेशनको अवसरमा सात जना सम्मानित भएका छन् ।

सम्मानित हुनेमा राससकर्मी हरि बाँस्तोला, पोखरा-२८ माझठानामा जन्म भई हाल विभिन्न सामाजिक तथा पेशागत क्षेत्रमा रहेर समाजका लागि योगदान पुऱ्याएका प्राध्यापक डा मानबहादुर केसी, डा निर्मल लामिछाने, पत्रकार केशवशरण लामिछाने, खिमबहादुर गुरुङ, सूर्यप्रकाश तिवारी र गणेश सुनारसमेत सम्मानित भएका हुन् । पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले उनीहरुलाई खादा र सम्मानपत्रद्वारा सम्मान गरेका हुन् । सो अवसरमा




उनले व्यक्तिको सीप र क्षमताको पहिचान गरी उनीहरुलाई समाज विकासमा उपयोग गर्नुपर्नेमा जोड दिए ।

विश्व मानव जातिकै अस्तित्वका लागि चुनौती बनेको कोभिड-१९ को पोखरामा दोस्रो लहरको सङ्क्रमण बढिरहेको सन्दर्भमा सम्पूर्ण सरोकारवाला निकाय यसको रोकथाम, नियन्त्रण र उपचारमा पूर्ण क्षमताका साथ लाग्न उनले अपिल गरे । उनले सम्पूर्ण पोखरेलीहरुले कोरोनालाई हेलचक्र्याइँ नगरी स्वास्थ्य सुरक्षा मापदण्डको पूर्णरूपमा पालना गरी सतर्कता अपनाउनुहुन आग्रह गरे । पोखरामा केही दिनयता गरिएको परीक्षणका आधारमा २० वर्ष उमेरका बालबालिका तथा युवामा कोरोना सङ्क्रमणको उच्च जोखिम देखिएको उल्लेख गर्दै प्रमुख

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विवेकशील साझा पार्टीको व्यास नगर समिति घोषणा, संयोजकमा सलमान

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ बैशाख**

विवेकशील साझा पार्टीको व्यास नगर समिति घोषणा गरिएको छ । शनिबार दमौलीमा आयोजित भेलाले नगर समितिको संयोजकमा सलमान अलीलाई चयन गरेको छ ।

विवेकशील साझा पार्टी तनहुँका संयोजक सागर घिमिरेको संयोजकत्वमा आयोजित भेलाले १९ सदस्यीय नगरसमिति गठन गरेको छ जसको सहसंयोजकमा विप्लता ढुङ्गाना, सदस्यहरूमा विरोध श्रेष्ठ, महमद गफार, सुशीलकुमार श्रेष्ठ, उमेश पौडेल, रुपेश पन्थ, हसिना वानु, खेमराज परियार, हमिफ महम्मद, टुकराज अधिकारी, सिकन्दर बक्स, आशा बस्नेत, सरस्वती कार्की आले, राजन सापकोटा, टिकाराम छिमाल, सुर्यबहादुर बिक, लक्ष्मण



गुरुङ र सुरेस मझकोटी रहेका छन् ।

कार्यक्रममा विवेकशील साझा पार्टीका सचिवालय सदस्य तथा सङ्गठन विभाग प्रमुख निर्देश सिलवालले पार्टीले देशव्यापी रुपमा सङ्गठन विस्तार अभियानलाई तीव्र पारेको बताए । विवेकशील साझा पार्टीका सचिवालय सदस्य तथा गण्डकी प्रदेश संयोजक महेश भण्डारीले गण्डकी प्रदेश अन्तर्गत ७ वटा जिल्लामा सङ्गठन निर्माण सकिसकेको र बाँकी जिल्लाहरुमा चाँडै विस्तार गर्ने जानकारी दिए ।

सो अवसरमा नगर समिति संयोजक अलीले देशमा विद्यमान राजनीति बिग्रँदै गएकोले यसको सुधारको निम्ति युवाहरु नै अगाडि आउनुपर्ने आवश्यकता औँल्याए । कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सुशीला केसी अधिकारी, रजनी केसी, तृष्णा भण्डारी, आशुतोष प्रधान, रोशनी अधिकारी, सरोज गौतम, गण्डकी प्रदेश सदस्य तथा प्रदेश सचिवालय प्रमुख सुदीप ओझा, प्रदेश सदस्य तथा अभियान विभाग प्रमुख अशोक खड्का, प्रदेश सदस्य दिनेशकुमार थापा, कास्की संयोजक फणिन्द्र अधिकारी, पोखरा महानगर संयोजक अजय श्रेष्ठ, तनहुँ जिल्ला सदस्य नगेन्द्र शर्मा, कास्कीका पूर्व संयोजक एकराज न्यौपाने, पोखरा महानगरका पूर्व संयोजक मनकाजी गुरुङ, स्थानिय नेता रमेशप्रसाद आचार्य लगायतका नेताहरुले नवघोषित कार्यसमितिलाई शुभकामना सन्देश दिएका थिए ।

पार्टीका तनहुँ संयोजक सागर घिमिरेले जिल्लाका अन्य स्थानीय तहमा पनि सङ्गठन निर्माणको तयारी गरिएको जानकारी दिए ।



# त्रिदेशीय टी–२० सिरिजको उपाधि नेपाललाई

**रासस**
**काठमाडौं, ११ बैशाख**

त्रिदेशीय टी-२० क्रिकेट सिरिजको उपाधि नेपालले जितेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार भएको फाइनल खेलमा नेपालले नेदरल्याण्डसलाई १४२ रनले हराउँदै उपाधि जितेको हो । नेपालले ११ वर्षपछि घरेलु मैदानमा सिरिजको उपाधि जितेको हो ।

टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा तीन विकेटको क्षतिमा २३८ रन बनायो। दुई सय ३९ रनको विजय लक्ष्य पछ्याउने क्रममा नेदरल्याण्डसले १७ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै ९६ रन मात्र बनायो । नेपालले आज विपक्षी टोलीलाई टी-२० क्रिकेटमा कीर्तिमानी लक्ष्य दिएको थियो । यसअघि टी-२० क्रिकेटमा नेपालले १३औँ सागमा भूटानलाई २३६ रनको लक्ष्य दिएको थियो।

नेदरल्याण्डसविरुद्धको खेलमा अरु खेलमा जस्तै कुशल भुर्तेलले अर्द्धशतक प्रहार गर्नुभयो। सिरिजमा उहाँले चौथो अर्द्धशतक प्रहार गर्नुभयो । एउटै सिरिजमा चौथो अर्द्धशतक बनाउने उहाँ पहिलो खेलाडी बन्नुभएको छ। भुर्तेलले ७७ रन बनाउनुभयो। उहाँले ५३ बल खेल्ने क्रममा तीन छक्का र आठ चौका हान्नुभयो । यस्तै आशिफ शेखले १६ र कप्तान ज्ञानेन्द्र मल्लले ३३ रनको योगदान दिनुभयो। कुशल मल्लले अर्द्धशतक प्रहार गर्नुभयो । उहाँले २४ बलमा अविजित ५० रन बनाउनुभयो। सो क्रममा मल्लले पाँच छक्का र दुई चौका हान्नुभयो। यस्तै उपकप्तान दीपेन्द्रसिंह ऐरीले अविजित ४८ रन बनाउनुभयो । उहाँले १८ बल खेल्दै तीन छक्का र पाँच चौका प्रहार गर्नुभयो । बलिङतर्फ नेदरल्याण्डसका लागि फिलिपे वोइसेविनले दुई तथा सेवास्टियन ब्राटले एक विकेट लिनुभयो।

विजय लक्ष्य पछ्याउने क्रममा नेदरल्याण्डसले शुरुआतदेखि नै विकेट गुमाउँदै गयो। नेदरल्याण्डसले दोस्रो ओभरमै पहिलो विकेट गुमाएको थियो । उसले आठ ओभरमा छ विकेट गुमाउँदै ४३ रन बनाएको थियो । नेदरल्याण्डसका लागि म्याक्स ओडाउडले २० रन बनाउनुभयो । यस्तै कप्तान पिटस शेलारले १३ रन बनाउनुभयो । अन्तिम समयसम्म सेवास्टियन ब्राटले आफ्नो टोलीलाई साथ दिनुभयो । उहाँले अविजित २६ रनको योगदान दिनुभयो। अन्य खेलाडीले भने रन बनाउन सक्नुभएन। नेदरल्याण्डसका दुई खेलाडी रनआउट हुनुभयो।

बलिङतर्फ नेपालका करण केसीले तीन, कमलसिंह ऐरी र सन्दीप लामिछानेले दुई-दुई तथा अविनाश बोहराले एक विकेट लिनुभयो । लामिछानेले आज पनि उत्कृष्ट बलिङ गर्नुभयो। उहाँले चार ओभरमा २६ रन खर्चिंदै दुई विकेट लिनुभयो । लामिछाने सिरिजमा सर्वाधिक विकेट लिने खेलाडी बन्नुभएको छ। उहाँले पाँच खेलमा १३ विकेट लिनुभयो।

# ब्लड क्यान्सर रोगवाट पिडित गुरुङ आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ बैशाख**

मादी गाउककपालिका वडा नं: ९, साविक मिजुरे डाँडा गा. वि. स. वडा ५, निवासी गम वहादुर गुरूङलाई शनिबार नगद उनासी हजार आठ सय पन्ध रूपैया आर्थिक सहयोग हस्तान्तण गरिएको छ।

५५ वर्षीय गम बहादुर गुरुङ विगत १ वर्षदेखि ब्लड क्यान्सर रोगवाट पिडित भएको र हाल वि. पि. कोईरला मिमोरीयल क्यान्सर हस्पिटल भरतपुर चितवनमा उपचार गराइरहेको छ। गंम बहादुर गुरूङको जीवन बचाउ अभियानमा मुग्री गाउँवासी हाल पोखरा महानगरपालिकामा वसोवास गर्ने महानुभावहरूबाट आर्थिक सहयोग रकम संकलन मुग्री गुरूङ समाजका अध्यक्ष सु. मन वहादुर गुरूङ, सचिव ना.सु पूर्णसुब्ब गुरूङ र कोषाध्यक्ष विन प्रसाद गुरूङबाट उक्त रकम पिडित गम बहादुर गुरूङका श्रीमती र्विकासी गुरूङलाई प्रदान गरेका थिए । उक्त रकम स्वदेश तथा विदेशमा रहेका दाजुभाई दिदीबहिनीहरूले सहयोग गरेका थिए । गम बहादुर गुरूङको आर्थिक अवस्था अति नै कमजोर रहेको छ। उक्त मुग्री गुरुङ समाजाले गम बहादुर गुरूङलाई आर्थिक सहयोग गरी जिवन बचाउनको लागि सबैमा आग्रह समेत गरेको छ।



## कास्की...

तहलाई नै दिदा थप प्रभावकारी हुने उनको भनाई छ। पूर्वाधार विकास कार्यालय कास्कीका डिभिजन प्रमुख दिनेश घिमिरेले धेरै ठाँउमा योजनाहरु प्राविधिक रुपमा राम्रो ढंगले सम्पन्न भएको त केही ठाँउमा थप सुधार गर्नु परेकोले केही योजनामा आफुहरुले सुझाव दिएको बताए । उक्त योजना सम्पन्न भई अवलोकन पश्चात कार्यालयले रकम भुक्तानी गर्ने भएको उनले जनाए। एक लाख देखि ३२ करोड सम्मको योजनाको काम आफुहरुले कान्वयन गर्नु परेकोले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अर्न्तगत प्रदेशका योजनाहरु स्थानिय तहलाई नै जिम्मा दिदा थप प्रभावकारी हुने डिभिजन प्रमुख घिमिरेको भनाई थियो। पोखरा १९ को आचार्यथर खेल मैदान निर्माण समितिका अध्यक्ष केशव आचार्यले उक्त योजनाबाट खेलकुद क्षेत्रमा भएको लगानी दिगो हुने बताउदै बाँकी रहेको काम पुरा गर्न आवश्यक बजेटको जोहो गर्न माग समेत गरेका छन्। उक्त योजनाका लागि ९ लाख ५० हजारको बजेट विनियोजन भएको थियो। माछापुच्छ्रे २ को च्याङलुङ पर्यटन मार्ग योजना उपभोक्ता समितिका अध्यक्ष निम्फल गुरुङले उक्त योजना अर्न्तगत ८ लाख ५० हजारको बजेटले आफुहरुलाई ठुलो राहत भएको बताए । ढलान बाटो निर्माणले यातयातमा सहज हुने उनको भनाई थियो । उपभोक्ता समितिका पदाधिकारीले थोरै रकमले पनि आफुहरुले ठुलो उपलब्धि हासिल गरेको दाबी गरेका छन् । अनुगमन टोलीमा सांसद बराल, डा. भण्डारी सहित जिल्ला समन्वय समिति कास्कीका प्रमुख बयन बहादुर क्षेत्रि अधिकारी, सदस्य बिष्णु प्रसाद पौडेल, कास्की माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष कर्ण बहादुर गुरुङ, पोखरा महानगरपालिकाका उप–मेयर मन्जुदेवि गुरुङ, पूर्वाधार विकास कार्यालय कास्कीका डिभिजन प्रमुख दिनेश घिमिरे, इन्जिनीयर प्रदीप पौडेल, सवइन्जिनियर कृष्ण भुषाल, सुब्बा कृष्ण प्रसाद पनेरु, सांसद डा. भण्डारीका स्वकिय सचिव भगवती केसी सम्बन्धित वडा अध्यक्ष एवं उपभोक्ता समितिका पदाधिकारी लगायतको सहभागिता रहेको थियो। निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अर्न्तगत कृषि, पर्यटन सहितका क्षेत्रमा समेटिने गरी २ करोड बजेटको लागि साना ठुला गरी २५ वटा योजना छनौट भएका थिए । शनिबार टोलीले पोखरा ३ को छन्त्याल समाजको खेल मैदान, पोखरा १ र ३ जोड्ने तुल्सीघाट पूर्वाधार एवं बाटो निर्माण योजना, पोखरा २ को पर्यटन पूर्वाधार होमस्टे प्रबेश मिरुवा रत्नमार्ग योजना, पोखरा १८ को जामुनवोट खेल मैदान, पोखरा १८ कै ढकालथर हुदै सराङकोट जाने बतास मार्ग निर्माण योजना, पोखरा १९ को गैरी शंकर शिवालय मन्दिर संरक्षण योजना, पोखरा १९ कै आचार्यथर खेल मैदान योजनाको अवलोकन गरेको थियो। त्यस्तै माछापुच्छ्रे गाउँपालिका १ मा करुवा खोप केन्द्र तथा समाज भवन कम्पाउण्ड एवं सौचालय निर्माण योजना, माछापुच्छ्रे २ को च्याङलुङ पर्यटन मार्ग योजना, माछापुच्छ्रे ३ को खरीवोट भलावोट एवं वाइसधारा बाटो विस्तार योजना, माछापुच्छ्रे ५ को चिसोपानी घोरखाली खोला नियन्त्रण योजना, माछापुच्छ्रे ६ को भेडावारी सामुदायिक भवनमा फर्निचर तथा फर्निसिङ खरिद योजना, माछापुच्छ्रे ६ कै सयचौकी कृष्ण गौडा नौडाँडा ग्रामिण कृषि सडक निर्माण योजनाको समेत अवलोकन गरेको हो। त्यस्तै निर्माणको अन्तिम चरणमा पुगेका पोखरा २५ को विश्वकर्मा बस्ती सडक तथा जैसी कुना डहरे देउराली मार्ग पुल निर्माण योजना, पोखरा १८ को विभूती पार्कमा जनयुद्ध जनआन्दोलनका शहिदहरुको शालिक पूर्वाधार निर्माण, माछापुच्छ्रे १ कै उइदुवेशी सिंचाई योजना (मिर्सा)को समेत अवलोकन गरिएको थियो।

# दुई हजार ६१९ संक्रमण, १४ को मृत्यु

**रासस**
**काठमाडौं, ११ बैशाख**

देशभर पछिल्लो २४ घण्टामा थप दुई हजार ६१९ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार आठ हजार ६६८ जनाको स्वास्थ्य परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। जसमा सात हजार ५२५ जनाको पिसिआर र एक हजार १४३ जनाको एन्टिजेन परीक्षण गर्दा क्रमशः दुई हजार ४८६ र १३३ जनामा सङ्क्रमण पुष्टि भएको हो।

शनिबारसम्म नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या दुई लाख ९७ हजार ८६ पुगेको छ । त्यस्तै पछिल्लो समय थप ३६८ जना निको भएका छन् । यससँगै निको हुनेको सङ्ख्या दुई लाख ७७ हजार १२३ रहेको छ । निको हुने दर भने ९३ दशमलब तीन प्रतिशत रहेको छ । अहिले देशभर १६ हजार ८२८ सक्रिय सङ्क्रमित छन् । उनीहरूमध्ये ७१ क्वारेन्टिनमा रहेका छन् । अन्य आइसोलेसनमा रहेका छन् ।

हालसम्म नेपालमा २३ लाख ९५ हजार ७२५ को पिसिआर परीक्षण भएको छ । त्यस्तै कोरोनाका कारण १४ जनाको मृत्यु पुष्टि भएको छ । हालसम्मा तीन हजार १३६ जनाले कोरोनाको कारण ज्यान गुमाएको मन्त्रालयले जनाएको छ । काठमाडौँमा ६४४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

# शिक्षासेवी, खेलकुदप्रेमी महेन्द्र सिंह थापाको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ बैशाख**

भारतको उत्तराखण्ड भाक्सुमा १९९० पौष १८ मा जन्म भई नेपाललाई कर्मथलो बनाएका शिक्षा सेवी, खेलकुद प्रेमी महेन्द्र सिंह थापा को ८८ औं बर्षको उमेरमा बिहीबार बेलुका ८ बजे निधन भएको छ।



२०१४ सालमा पोखराको सोल्जर्स बोर्ड भोकेशनल ट्रेनिङ हाईस्कुल (अमरसिंह मावि) मा शिक्षाक भई सोहि स्कुलमा हेडमास्टरको रुपमा लामो समय काम गरेका थिए।

पोखरामा बास्केटबलको खेल सुरु गर्ने पहिलो ब्याक्ति थिए उनी । २०१८ सालबाट पृथ्वीनारायण कलेजमा इतिहास बिषयको प्रध्यापक हुँदै फ्याकल्टी चिफ भई काम गरेका थिए । उक्त समयमा कलेजको खेलकुद क्षेत्रमा उनको ठुलो योगदान रहेको छ । उनले कलेजमा बास्केटबल, भलिबल, फुटबल, हकि, क्रिकेट, ब्याटमिन्टन, टेबलटेनिस, टेनिस खेलको विकास र बिस्तार गरेका थिए। भूतपूर्व खेलाडी मन्च नेपालको संस्थापक आजिवन सदस्य समेत रहेका उनी विभिन्न शैक्षिक, खेलकुद र सामाजिक संघसंस्थामा आबद्ध रहेका थिए।

# जनप्रिय क्याम्पसका प्रमुख विरञ्जी गौतमलाई मातृशोक

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ बैशाख**

जनप्रिय बहुमुखी क्याम्पसका प्रमुख विरञ्जी गौतमलाई मातृशोक परेको छ । उनकी ममतामयी माता कृष्णकुमारी गौतमको शनिबार बिहान १० बजे ८५ वर्षको उमेरमा आफ्नै निवासमा मृत्यु भएको हो ।

स्वर्गीय कृष्णकुमारीका जेठा छोरा विष्णुहरि गौतम नेपाल प्रहरीका अवकाश प्राप्त वरिष्ठ प्रहरी उपरीक्षक हुन् । माहिला छोरा अधिवक्ता दयाराम गौतम उच्च अदालत बार एसोसिएसनका निवर्तमान अध्यक्ष हुन भने कान्छा छोरा विरञ्जी गौतम जनप्रिय बहुमुखी क्याम्पस पोखराका क्याम्पस प्रमुख साथै पब्लिक क्याम्पस संघ कार्यसम्पादन समितिका सदस्य हुन् ।

समाजसेवी तेजप्रसाद बराल र तुल्सी बरालकी साहिँली छोरी कृष्णकुमारीको गौतम वि.सं. १९९३ पुस २८ गते शनिबार जन्म भएको थियो । उनी पण्डित देवीलाल गौतमसँग वि.सं. २०१० सालमा वैवाहिक जीवनमा बाँधिएकी थिइन ।

गौतम लामो समयदेखि दम रोगले आक्रान्त थिइन । उनका तीन छोरा, तीन बुहारी, चार नाती र दुई नातिनी छन् । उनको शनिबारनै सेती नदीको रातिखहरे सिद्धघाटमा हिन्दु परम्पराअनुसार दाहसंस्कार गरिएको पारिवारिक स्रोतले जानकारी दिएको छ ।

# पद्म नर्सिङ होमको साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ बैशाख**

पद्म नर्सिङ होमको साधारण सभा शनिवार पोखरामा सम्पन्न भएको छ। संस्थाको २२ औं, २३ औं, २४ औं र २५ औं साधारण सभा सिटी स्क्वायरको सभा हलमा सम्पन्न भएको हो। सभामा पद्म नर्सिङ होमका कार्यवाहक अध्यक्ष तथा प्रवन्ध निर्देशक डा.यज्ञमान शाक्यले कम्पनीको आ.व. २०७३/७४ देखि २०७६/७७ सम्मको वर्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने सो प्रतिवेदन सर्वसम्मतले परित भएको थियो। सभाले आ.व. २०७७/७८ कोलागिकम्पनीकोलेखापरीक्षकमा एल.भट्टराई एण्ड एशोसियट्सका लिला भट्टराईलाई नियुक्त गरेको बताइएको छ। पोखराको न्यूरोडमा रहेको पद्म नर्सिङ होमले २४ घण्टा इर्मजेन्सी सेवा सहिते बिशेषज्ञबाट सबै प्रकारका रोगको उपचार सेवा प्रदान गरिरहेको छ।

## माझठाना...

जिसीले यही अवस्थामा सङ्क्रमण बढेमा पोखरामा 'सेल्फ लकडाउन' हुने बताए । कार्यक्रममा प्रमुख जिसीले समाजद्वारा प्रकाशित नववर्ष २०७८ को भित्तेपात्रोको लोकार्पणसमेत गरेका थिए।

पोखरा महानगरपालिका-२८ का वडाध्यक्ष निर्मल दियाली र १२ वडाध्यक्ष रामबहादुर कार्कीले दिगो विकासका लक्ष्य प्राप्तिका लागि सबैको साथ र सहयोगको आवश्यकता औल्याए।

समाजका अध्यक्ष दुर्गादत्त भुर्तेलको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा (एमाले) का भोलानाथ त्रिपाठी, नेपाली कांग्रेसका विकास गुरुङ, माओवादी केन्द्रका यज्ञप्रसाद तिवारी, संस्थापक अध्यक्ष श्रीकृष्ण लामिछाने, समाजका उपाध्यक्ष दयाराम तिवारी र सचिव भोलानाथ ओझालगायतले समाजको महत्व र आवश्यकतामाथि चर्चा गरेका थिए।




कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बिपीसँग हिँडेका नारायणदत्त भन्नुहुन्छ : देश र जनतालाई केन्द्रबिन्दुमा राख्नुपर्छ

–वासुदेव पौडेल
**पोखरा, ११ बैशाख**

नेपालमा २००७ सालको क्रान्तिको सफलतासँगै भएका विभिन्न राजनीतिक आन्दोलन र त्यसबाट भएको परिवर्तनका जगमा देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ।

परिवर्तनकै लागि धेरै नेपालीले बलिदानी दिएका छन् । पटकपटकको सङ्घर्षको जगमा स्थापित लोकतन्त्र दिवस मनाइरहँदा तत्कालीन समयमा योगदान गर्नेहरू अझै पनि ओझेलमा छन् । तत्कालीन समयमा राणा शासनको अन्त्यका लागि २००६ सालमा मुक्ति सेनामा खटिएका व्यक्ति हुन् तनहुँको म्याग्दे गाउँपालिका-१ गुणादीका ९१ वर्षीय नारायणदत्त खनाल । राजनीतिज्ञ श्रीभद्र खनालको प्रेरणाले आफू तत्कालीन समयमा मुक्ति सेनामा आबद्ध भएको बताउँदै उहाँले सो क्रममा आफूसहितका साथीहरूले धेरै दुःख कष्ट भोग्नुपरेको अनुभव सुनाउनुभयो । विसं २००७ को परिवर्तन पछि २००८ सालमा मुक्ति सेनालाई रक्षा दलमा परिणत गरिएको थियो । तत्कालीन समयमा जनपक्षीय सेनाका रुपमा रहेको आफूसहितको ६६४ जनाको टोली मुक्ति सेनामा आबद्ध रहेको जानकारी दिँदै उहाँले २००८ सालमा सिंहदरबारभित्र क्याम्पमा रहँदा आफूले सेनाका अधिकृतका साथै तत्कालीन युवराज महेन्द्रसँग समेत फुटबल खेलेको अनुभव सुनाउनुभयो । रक्षा दलका तर्फबाट फुटबल खेल्दाका धेरै रोचक कुरा आफ्नो स्मृतिमा अझै ताजा रहेको उहाँको भनाइ छ । रक्षा दलसँगकै आबद्धताका क्रममा २००८ सालमा बिपी कोइराला पोखरा हुँदै बागलुङतिर जाने क्रममा उहाँसँगै काठमाडौँबाट पोखरासम्म आठ दिन हिँडेर आएको बताउँदै उहाँले बिपीले आफूसँग आएका साथीभाइको खानपिन आदि समस्याबारे निकै चासोका साथ जानकारीमा राख्ने गरेको उल्लेख गर्नुभयो । "आफूसँग आएकाले के के खाए, सुताइ कस्तो भयो आदिबारे बिपीले निकै चासो दिनुहुन्थ्यो", उहाँले भन्नुभयो।

विसं २००८ पछि रक्षा दलमा आबद्धमध्ये १६४ जनाको बखानसिंह गुरुङ नेतृत्वको टोली सिंहदरबारबाट छुट्टिएर जोगवनी हुँदै विराटनगरसम्म पुगेको जानकारी दिँदै उहाँले उक्त टोली २०१४ सालसम्म उदयपुर, भोजपुर, उदयपुरगढीलगायतका स्थानमा पुगेको बताउनुभयो।

"हाम्रो टोलीलाई तत्कालीन समयमा पश्चिमा टोली भन्ने गरिन्थ्यो", उहाँले भन्नुभयो । रक्षा दलमा रहँदा त्यहाँ खटिएबापत मासिक रु १५ सम्म पारिश्रमिक पाउने गरेको र अधिकतम रु २० सम्म पाएको खनालको अनुभव छ । यसबीचमा आफूहरूले गरेको योगदानका आधारमा स्थायी गरिनुपर्छ भन्ने माग राखे पनि त्यसको सुनुवाइ हुन नसकेको र २०१४ सालमा टोलीका कमाण्डर बखानसिंह गुरुङले स्थायी गर्न नसकिएको भन्दै राजीनामा दिन भने पछि आफूसहितका १० जनाले राजीनामा दिएको उहाँले सुनाउनुभयो । "हामीले राजीनामा दिए पनि पछि अरु केही साथीलाई भने स्थायी गरियो", खनालको भनाइ छ। स्थायी नभए पनि तत्कालीन समयको योगदानको कदर गर्दै चितवनको बखानटारमा जग्गा उपलब्ध गराउने जस्ता विभिन्न आश्वासन पाइए पनि ती सुविधाबाट आफूहरू वञ्चित बनेको उहाँको गुनासो छ। विसं २०४९ को स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट तत्कालीन जामुने गाउँ विकास समिति वडा नं १ को वडाध्यक्षको उम्मेदवार बन्नुभएका उहाँले निर्वाचनमा विजयी भएपछि गाउँ टोलका बाटोघाटो, पानी पँधेरो, पुल पुलेसो आदिको व्यवस्थापनमा समय खर्चिएको बताउनुभयो।

"त्यस समयमा त अहिलेको जस्तो पैसा पनि हुने थिएन, जनश्रमदानसहित उपलब्ध साधनस्रोतको उपयोग गर्दै विकास निर्माणका काम अघि बढाइन्थ्यो", उहाँले थप्नुभयो। आफूजस्ता धेरैको योगदानको जगमा देशमा ठूला ठूला परिवर्तन आए पनि नेपाली जनताले अझै पनि वास्तविक परिवर्तनको अनुभव गर्न नपाएकोमा खनालको दुःखेसो छ। जनताले विश्वास गरेका दलबीच नै आपसी खिचातानी, आरोप प्रत्यारोपका साथै आर्थिक अनियमितता, भ्रष्टाचार आदिले विगतमा योगदान गरेकाप्रति अपमान हुने बताउँदै उहाँले देश र जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो।

# ६९ प्रतिशत पुनर्निर्माण सम्पन्न

–कृष्ण न्यौपाने
**दमौली, ११ बैशाख (रासस)**

विसं २०७२ वैशाख १२ गते गएको भूकम्पको ६ वर्ष पूरा हुँदा तनहुँमा ६९ प्रतिशत निजी आवास पुनर्निर्माण सम्पन्न भएको छ। जिल्लामा १४ हजार ८ सय ३७ निजी आवास पूर्ण क्षति भएकामा हालसम्म १० हजार तीन सय ५९ आवास पुनर्निर्माण सकिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई तनहुँले जनाएको छ।

कार्यालयका अनुसार हालसम्म व्यास नगरपालिकामा एक हजार पाँच सय ६, भानु नगरपालिकामा तीन हजार दुई सय ८१, भीमाद नगरपालिकामा सात सय ९८,शुक्लागण्डकी नगरपालिकामा एक हजार तीन सय १३, बन्दीपुर गाउँपालिकामा सात सय ९१, आँबुखैरेनी गाउँपालिकामा ६ सय १३, देवघाट गाउँपालिकामा चार सय ६३, घिरिङ गाउँपालिकामा दुई सय १३, म्याग्दे गाउँपालिकामा नौ सय ८७, र ऋषिङ गाउँपालिकामा तीन सय ९४ निजी आवास पुनर्निर्माण सम्पन्न भएको छ।

इकाई प्रमुख जयप्रकाश गुप्ताका अनुसार भूकम्पबाट व्यासमा दुई हजार एक सय , भानुमा चार हजार छ सय ५०, शुक्लागण्डकीमा दुई हजार नौ, भीमादमा एक हजार एक सय ९७, म्याग्देमा एक हजार चार सय १२, बन्दीपुरमा एक हजार ६३, आँबुखैरेनीमा आठ सय १३, देवघाटमा ६ सय ३७, ऋषिङमा पाँच सय ६० र घिरिङमा तीन सय २४ घर पूर्ण क्षति भएका थिए । जिल्लामा निजी आवास पुनर्निर्माणका लागि रु ३५ अर्ब ९७ करोड ५० लाख खर्च भएको छ। हालसम्म १४ हजार नौ सय ६ लाभग्राहीले पहिलो र ११ हजार ९ सय ७६ लाभग्राहीले दोस्रो किस्ता बापतको रकम बुझेका छन्।

जिल्लामा १२ जना लाभग्राहीले पुनर्निर्माणका लागि रकम लिएकामा फिर्ता गरेका छन् । लाभग्राहीमा सूचीकृत भई सम्झौता गरेका उनीहरुले रकम फिर्ता गरेको गुप्ताले जानकारी दिनुभयो। उहाँका अनुसार ११ जनाले रु ५० हजारका दरले रु पाँच लाख ५० हजार र एक लाभग्राहीले तेस्रो किस्ता बापतको तीन लाख गरी रु आठ लाख ५० हजार फिर्ता भएको छ।

## गुम्बा पुनर्निर्माण

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणकै अनुदान सहयोगमा भूकम्पले भत्किएको गुम्बाको पनि पुनर्निर्माण जारी छ। तनहुँको भानु नगरपालिका-९ स्थित उर्गेन छोइलिङ गुम्बा र भानु नगरपालिका-२ स्थित बुद्ध हिमाली तमु समान गुम्बाको पुनर्निर्माण भइरहेको हो । प्राधिकरणले भानु नगरपालिका-९ स्थित उर्गेन छोइलिङ गुम्बा र भानु नगरपालिका-२ स्थित बुद्ध हिमाली तमु समान गुम्बा पुनर्निर्माणका लागि अनुदान उपलब्ध गराएको छ । रु ८७ लाख ७३ हजार ६ सय २० को लागतमा दुई गुम्बा पुनर्निर्माण हुन लागेको हो । त्यसका लागि पुनर्निर्माण प्राधिकरणले रु ६० लाख ८५ हजार ७४ अनुदान उपलब्ध गराएको छ भने बाँकी रकम स्थानीय तहले र स्थानीयवासीले जनश्रमदान गर्नुपर्नेछ। उहाँका अनुसार उर्गेन छोइलिङ गुम्बा रु ४४ लाख ६६ हजार २० को लागतमा पुनर्निर्माण हुनेछ । त्यसका लागि पुनर्निर्माण प्राधिकरणले रु ३० लाख ९७ हजार चार सय ७४ उपलब्ध गराएको छ भने भानु नगरपालिकाले रु एक लाख ५० हजार र स्थानीयवासीले रु १२ लाख १८ हजार पाँच सय ४५ बेहोर्नेछन् । बुद्धहिमानी तमु समान गुम्बा रु ४३ लाख सात हजार ६ सयको लागतमा पुनर्निर्माण हुन लागेको हो । त्यसका लागि पुनर्निर्माण प्राधिकरणले रु २९ लाख ८७ हजार ६ सय उपलब्ध गराएको छ भने भानु नगरपालिकाले रु एक लाख ५० हजार र स्थानीयवासीले रु ११ लाख ७० हजार बेहोर्नेछन्।

## एक सय २९ हातहतियार नवीकरण

चालू आर्थिक वर्ष ०७७/७८ को नौ महिनाको अवधिमा तनहुँमा एक सय २९ वटा हातहतियार नवीकरण गरिएका छन्। साउनदेखि चैत मसान्तसम्म जिल्ला प्रशासन कार्यालय तनहुँबाट एक सय २९ वटा हातहतियार नविकरण भएको हो । गत चैत महिनामा तीन वटा मात्रै हातहतियार नवीकरण भएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । यसअवधिमा तीन वटा हातहतियार नामसारी गरिएका छन्। सर्वसाधारणले जिल्ला प्रशासन कार्यालयको स्वीकृतीमा हातहतियार राख्न पाउँछन् । त्यसको प्रत्येक वर्ष प्रशासन कार्यालयबाट नवीकरण गर्नुपर्ने व्यवस्था छ।

यस अवधिमा प्रशासन कार्यालयमा २९ नयाँ संस्था दर्ता भएका छन् भने ६ सय पाँच वटा संस्था नवीकरण भएका छन्। चैतमा मात्रै ९ वटा नयाँ दर्ता र ४६ वटा संस्था नवीकरण गरिएको छ।

कार्यालयले दुई सय ४२ जनालाई तिब्बतीयन शरणार्थी परिचयपत्र नवीकरण गरेको छ भने एक जना शरणार्थका लागि यात्रा अनुमति पत्र सिफारिस गरेको सहायक प्रजिअ बरालले जानकारी दिनुभयो । उहाँका अनुसार चालु आर्थिक वर्षमा ५२ मुद्दा दर्ता भएकामा गत आर्थिक वर्षको समेत गरी ७३ मुद्दा फछ्र्यौट भइसकेको छ।

कार्यालयले गत चैत मसान्तसम्म सात हजार ६९५ वंशजको आधारमा र ८ वैवाहिक अङ्गिकृतको आधारमा नागरिकता वितरण गर्नुका साथै चार हजार २ ९१ प्रतिलिपि नागरिकता वितरण गरेको जनाएको छ । प्रशासन कार्यालयबाट दुई जनाले नागरिकता परित्याग गरेका छन् । कार्यालयले यस अवधिमा २० पटक बजार अनुगमन गरेको छ । चैतमा मात्रै दुई पटक बजार अनुगमन गरिएको कार्यालयले जनाएको छ।

कार्यालयले यस अवधिमा रु दुई करोड भन्दा बढी राजश्व सङ्कलन गरेको छ। संस्था दर्ता, हातहतियार, राहदानी दस्तुर, न्यायिक प्रशासनिक दण्ड जरीवाना, अन्य प्रशासनिक सेवा शुल्कबाट कार्यालयले रु दुई करोड ३५ लाख २५ हजार सात सय राजश्व सङ्कलन गरेको हो।

संस्था दर्ताबाट रु नौ लाख ८३ हजार एक सय २०, हातहतियारबाट रु ८५ हजार तीन सय ५०, राहदानी दस्तुरबाट रु दुई करोड तीन लाख ९५ हजार पाँच सय, न्यायिक प्रशासनिक दण्ड जरिवानाबाट रु २० लाख ५३ हजार र अन्य प्रशासनिक सेवा शुल्कबाट रु आठ हजार सात सय ३० राजश्व सङ्कलन भएको छ।

# दुर्गममा सेवा पुर्‍याउँदै टेलिकम

पोखरापत्र संवाददाता
**बागलुङ, ११ बैशाख**

'टुप्पीभन्दा माथि ठाउँ छैन, गुर्जाभन्दा माथि गाउँ छैन' भन्ने उक्तिलेसमेत चिनिने म्याग्दीको दुर्गम गाउँ गुर्जामा थ्रिजी सेवा पुगेको छ।

सदरमुकाम बेनीदेखि २६ कोष पश्चिममा अवस्थित सो गाउँमा पुरानो भिस्याट प्रविधि प्रतिस्थापन गरी बिहीबारदेखि रेडियो लिङ्कमार्फत थ्रिजी सेवा शुरु गरिएको हो। यसअघि भिस्याटबाट चल्ने टुजी सेवा प्रभावहीन थियो । मोबाइलको भ्वाइस सेवा पनि स्तरीय थिएन। धौलागिरि गाउँपालिका-१ मा पर्ने गुर्जा गाउँका बासिन्दा भरपर्दो सञ्चार सेवाबाट वञ्चित थिए । नेपाल टेलिकमले रेडियो लिङ्क जडान गरेसँगै मोबाइल र तीव्र गतिको इन्टरनेट सेवा पुगेको हो।

पहिलोपटक इन्टरनेट चलाउन प्रयोग हुने थ्रिजी सेवा सञ्चालनमा आएपछि गुर्जावासी खुशी छन् । विसं २०७१ मा भिस्याट प्रविधिमार्फत मोबाइल सेवा पुगे पनि त्यसको क्षमता सीमित थियो । घाम लाग्दा मात्र नेटवर्क आउने स्थिति थियो। अब त्यो समस्या सधैँका लागि अन्त्य भएको छ। वडा नं ४ को बगरामा टावर राखेर रेडियो लिङ्कमार्फत गुर्जामा थ्रिजी सेवा पुर्‍याइएको टेलिकम बागलुङ कार्यालयका वरिष्ठ इञ्जिनीयर केशव शर्माले बताउनुभयो। बगराको रिपिटरलाई मालिका गाउँपालिका-३ को रुम गाउँमा रहेको बिटियस टावरमा लिङ्क गरिएको उहाँको भनाइ छ। माइक्रोवेभ रेडियो लिङ्क जडानपछि गुर्जा र बगरा गाउँका ५५० घरधुरी लाभान्वित भएका छन् । धौलागिरि आधार शिविर, सिनकुस, दुर्कोट, दोभान, धौलागिरि पदमार्गलगायतका क्षेत्रमा नेटवर्कको पहुँच विस्तार भएको छ। धौलागिरि पदमार्ग भएर आहोरदोहोर गर्ने पर्यटकले समेत सहजरुपमा इन्टरनेट सेवा पाउनेछन्।

सेवा विस्तारको काममा गाउँपालिका र स्थानीयवासीले ठूलो सहयोग गरेको वरिष्ठ इञ्जिनीयर शर्माले बताउनुभयो । टेलिकमका प्राविधिक विकट भूगोल र प्रतिकूल मौसमका बाबजुद एक हप्तासम्म गुर्जा र बगरामा खटिएका थिए । धौलागिरि गाउँपालिकाले पोल खरिद र ढुवानीका लागि रु डेढ लाख सहयोग गरेको थियो। गाउँपालिका अध्यक्ष थमसरा पुन मगरले मोबाइल र तीव्र गतिको इन्टरनेट सेवाले दुर्गम गुर्जावासीको दैनिकी सहज बन्ने बताउनुभयो । गाउँपालिकाभर गुणस्तरीय सञ्चार सेवा विस्तार गर्ने योजना रहेको उहाँको भनाइ छ। वडाध्यक्ष झकबहादुर छन्त्यालले मोबाइलमा इन्टरनेट चलाउन पाउँदा गाउँले दङ्ग परेको बताउनुभयो।

"भिस्याट हुँदा मोबाइलले राम्रोसँग काम गर्दैनथ्यो, सीमित व्यक्तिमात्र कुराकानी गर्न मिल्थ्यो", उहाँले भन्नुभयो, "अहिले सबैतिर सजिलै फोन लाग्छ, थ्रिजी सेवाले इन्टरनेट सेवा पनि भरपर्दो भएको छ ।" टेलिकमले पुरानो भिस्याट प्रविधिमार्फत मोबाइल सेवा सञ्चालनमा रहेका दुर्गम ठाउँमा माइक्रोवेभ रेडियो लिङ्क विस्तारलाई तीव्रता दिएको छ । जसका कारण मोबाइल प्रयोगकर्ताले 'डाटा' र 'भ्वाइस' दुवैमा गुणस्तरीय सेवा पाउन थालेका छन् । सेवा विस्तारसँगै भइरहेको सेवाको गुणस्तर बढाउने काममा टेलिकम केन्द्रित छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि. स. २०५२/०६/१८ गते

स्वर्गारोहणः वि.स. २०७८/०१/०२ गते

स्वः बिशाल वि. क.

पोखरा महानगरपालिका वडा नं. २० मौजा मौरिया घर भइ हाल पोखरा-१३ कमलपोखरी मार्ग निवासी **बिशाल वि. क.** को २६ वर्षको अल्पायु उमेरमा असामयीक निधन भएको आज ११ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

सु. ईन्द्रबहादुर गुरुङ
अध्यक्ष एवं
कमलपोखरी मार्ग टोल विकास संस्था परिवार
पोखरा-१३



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना

जन्मः वि. स. २००३/०७/२७ गते

स्वर्गारोहणः वि. स. २०७७/०८/२४ गते



स्वः कर्ण सिं गुरुङ



स्वः रुस माया गुरुङ

जन्मः वि. स. २०१३/११/२२ गते

स्वर्गारोहणः वि. स. २०७७/११/०८ गते

मादी गाउँपालिका वडा नं. १ घर भइ हाल पोखरा-१३ कमलपोखरी मार्ग निवासी यस टोल विकास संस्थाका सदस्य **कर्ण सिं गुरुङ** को ७४ वर्षको उमेरमा साथै उहाँको धर्मपत्नी **रुस माया गुरुङ** को ६४ वर्षको उमेरमा असामयीक निधन भएको आज उहाँहरु दुवै जनाको पितृ कार्यको दोस्रो दिनको पुण्यतिथिको अवसरमा उहाँहरुको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

सु. ईन्द्रबहादुर गुरुङ
अध्यक्ष एवं
कमलपोखरी मार्ग टोल विकास संस्था परिवार
पोखरा-१३